धूलिखेल नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
धूलिखेल, काभ्रे ।

## सिलबन्दी दरभाउपत्र आब्हान सूचना

(मिति :-०७४/०४/०८

यस कार्यालय तथा मातहतका वडा कार्यालय र सेवा केन्द्रको निमित्त आ.व. ०७४/०७५ को लागि १) **कार्यालय स्टेशनरी, मसलन्द, तथा अन्य माल सामान, २) कम्प्युटर, प्रिन्टर, ईन्टरनेट, सिसिटिभी पार्टस तथा उपकरण मालसामान ३) छपाई सामाग्री तथा कार्य ४) बिजुली,सोलार तथा सडकबत्ती माल सामान ५) खानेपानी, सरसफाई तथा हार्डवेयर मालसामान ६) फर्निचर तथा फर्निसिङ्ग मालसामान ७) मेशिनरी उपकरण तथा औजारहरु** आवश्यक परेको हूदा उक्त सामान सप्लाई तथा डेलिभरी गर्न ईच्छुक इजाजत प्राप्त (रजिष्टर्ड) मूल्य अभिबृद्धि कर (भ्याट) मा दर्ता भएका फर्म, सप्लायर्स, उत्पादक तथा बिक्रेताहरुबाट एकाई दरमा खरिद गर्नु पर्ने भएको हुदां यस कार्यालय द्धारा तोकिएका समयमा कस्तो दररेटमा उपलब्ध गराउन सकिने हो सो को शिलबन्दी दरभाउपत्र आब्हान गरिन्छ । कार्यालयलाई आवश्यक पर्ने सामाग्रीहरुको सूची समाविष्ट भएको दरभाउपत्र फाराम यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखाबाट रु १०००। (अक्षरेपी रु एक हजार) मात्र पछि फिर्ता नहूने गरी नगदै तिरी प्रोप्राईटर वा निजले अख्तियार दिएको ब्यक्तिद्वारा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा खरिद गरी १६ औं दिन १२.०० बजे भित्र दर्ता गर्न सकिनेछ ।

### तपसिल

१ माथि उल्लेखित सप्लाई गर्ने कार्यहरुको छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । कुनै एउटा वा केही कार्यहरु गर्न ईच्छुक दरभाउदाताहरुले सोही क्षेत्रको मात्र शिलवन्दी दरभाउपत्र पेश गर्न सकिनेछ ।

२ दर्ता हून आएका शिलवन्दी दरभाउपत्रहरु सप्लायर्स वा निजका प्रतिनिधीहरु समेतको रोहबरमा १६ औं दिनको २.०० वजे यस कार्यालयमा खोलिनेछ ।

३ दरभाउपत्रहरु खोल्ने समयमा सप्लायर्स वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पूग्ने छैन ।

४ शिलवन्दी दरभाउपत्र फाराम खरिद, बूझाउने र खोल्ने अन्तिम दिन बिदा परेमा सोकोलगत्तै पछिको कार्यालय खूलेको दिनमा उक्त कार्य गरिनेछ ।

४ शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, सम्पर्क नम्बर तथा सप्लाई गर्ने कार्य उल्लेख हुनुपर्नेछ ।

५ सिलबन्दी दरभाउपत्र दाखिला गर्दा धरौटी वापत नगद रु. २०,०००/ अक्षेरेपी (बीस हजार) रा.वा. बैंक धुलिखेल शाखामा रहेको १०४०३०३००७१०२ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

६ शिलवन्दी दरभाउपत्र फाराम साथ नोटरी पब्लिक बाट प्रमाणित उल्लेखित कागजातको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७ दरभाउपत्र खरिदकर्ताको तर्फबाट राखेका कुनै शर्तहरु मान्य हूने छैनन् ।

कार्यकारी अधिकृत

८ शिलबन्दी दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर (भ्याट) बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

९ प्रति एकाई मुल्य कम कबोल गर्ने सप्लायर्स संग खरीद सम्झौता गरिने छ ।

१० शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११ यसमा नपरेका अन्य कूराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१२ शिलबन्दी दरभाउपत्र सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

कार्यकारी अधिकृत